मिति २०८२/०८/१७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुली गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा। | प्रशासन शाखा |
| २. | सुरक्षित आप्रवासन (सामी) परियोजनाको कार्यक्रम सञ्चालन सम्बन्धमा | सामाजिक विकास |
| ३. | पाइपको स्टक प्रमाणित सम्बन्धमा | जिन्सी उपशाखा |
| ४. | अस्पताल उद्घाटन सम्वन्धमा। | जनस्वास्थ्य शाखा |
| ५. | अस्पतालको नामाकरण सम्बन्धमा। | प्रशासन शाखा |
| ६. | कार्यविधि पारित गर्ने सम्वन्धमा। | प्रशासन शाखा |
| ७. | इमर्जेन्सी वार्ड प्रवेशद्वार मर्मत सम्बन्धमा | जनस्वास्थ्य शाखा |
| ८. | गाउँ कार्यपालिका कम्पाउण्डको पहिरो नियन्त्रण सम्वन्धमा | वातावरण तथा विपद् |
| ९. | सडक मर्मतमा नपुग रकम सम्बन्धमा | योजना तथा पूर्वाधार शाखा |
| १०. | हाँडीखोला र कम्मरखोला लच्का मर्मत सम्बन्धमा | योजना तथा पूर्वाधार शाखा |
| ११. | विविध। | |

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघिको गाउँ कार्यपालिका बैठकको निर्णयहरू समीक्षा गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा सुरक्षित आप्रवासन परियोजना (सामी) को चालू आ.व. २०८२/०८३ वित्तीय साक्षरता कक्षा वडा नं. ६ र ७ मा सञ्चालन गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

साथै, कक्षा ८-१२ का विद्यार्थीहरू र सहकारी संस्थाहरूलाई वित्तीय साक्षरता तथा जनसचेतना कार्यक्रम सञ्चालनको लागि निम्न माध्यमिक विद्यालय तथा सहकारी संस्थाहरू छनौट गर्ने:

(क) श्री भवानी मावी कत्लेशिखर भिमस्थान, वडा नं.२

(ख) श्री पाटनदेवी मावि कोटगाउँ, वडा नं.३

(ग) श्री मावि सान्धाने, वडा नं.४

(घ) श्री मावि मझुवादोभान, वडा नं.५

(ङ) श्री चम्पादेवी मावि घ्याम्पा गडाम्ने, वडा नं.६

(च) श्री तीनपाटन सामाजिक महिला उद्यमी सहकारी संस्था लि.

(छ) श्री सहज सामाजिक महिला उद्यमी सहकारी संस्था लि.

(ज) श्री देउराली सामाजिक महिला उद्यमी सहकारी संस्था लि.

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को ठेक्का प्रक्रियाद्वारा गाउँपालिका तथा वडा कार्यालयको योजनाहरूको खानेपानी तथा सिँचाई पाइप, मोटर र जस्तापाता खरिद गरिएकोमा वडाको योजनाहरूबाट रु.५३,७५,८३९.२० र गाउँपालिकाबाट रु.१६,५६,००० गरी जम्मा मूल्य अभिवृद्धि कर सहित ७९४५९७८.२९ को पाइप, मोटर र जस्तापाता खरिद गरिएको साथै वडाको योजनाहरूबाट खरिद

मनोज साह
प्रमुख प्रशासकीय अधिकृत

गरिएको सामाग्री वडालाई भरपाई गरी वितरण गरिएको र गाउँपालिकाबाट खरिद गरिएको रु.१६,५६,००० मध्ये रु.३,५३,३९२.५ को पाइप वितरण भएको र रु.१३,०२,६०७.५ रकम बराबरको पाइप गाउँपालिका स्टोरमा मौज्दात रहेको व्यहोरा प्रमाणित गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र,लाम्पनटार, वडा नं. ११ मा सङ्घीय सरकारबाट १५ शैय्याको अस्पताल भवन (आवास समेत) निर्माण सम्पन्न भइसकेकोले गाउँपालिकाबाट १५ शैय्याको नगर अस्पताल सञ्चालनको लागि नगर अस्पताल उद्घाटन गर्न बागमती प्रदेशको माननीय मुख्यमन्त्री श्री इन्द्र बहादुर बानियाँको प्रमुख आतिथ्यतामा मिति २०८२/०८/२३ गते मंगलबार गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पनटार, वडा नं. ११ को सङ्घीय सरकारबाट १५ शैय्याको अस्पताल भवन (आवास समेत) निर्माण सम्पन्न भइसकेकोले अस्पतालको नामाकरण "तीनपाटन नगर अस्पताल" गर्ने निर्णय सर्वसहमतिबाट गरियो। अस्पतालको लेटर हेड निम्न बमोजिम हुनेः

तीनपाटन गाउँपालिका
तीनपाटन नगर अस्पताल
लाम्पनटार, सिन्धुली
बागमती प्रदेश, नेपाल

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको विधेयक समितिबाट सिफारिस भई आएको तपसिल बमोजिम कार्यविधिमा आवश्यक छलफल गरी सर्वसहमतिबाट पारित गरियो।

(क) तीनपाटन नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडा नं.११ स्थित तीनपाटन नगर अस्पतालको नव निर्मित भवनको इमर्जेन्सी वार्ड प्रवेश द्वार र भित्र पट्टी बिरामी र सर्वसाधारणको आवतजावत सहज बनाउन आकस्मिक कोषबाट खर्च हुने गरी प्राविधिक इष्टिमेट बमोजिमको मर्मत कार्य गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिका कार्यालयको पूर्व पट्टीको कम्पाउण्ड वालसम्म पहिरो आएको र तत्काल नियन्त्रण नगरे कार्यालय भवनमा समेत क्षति हुने देखिएकोले प्राविधिक इष्टिमेट बमोजिम विपद् व्यवस्थापन कोषबाट पहिरो नियन्त्रणको आवश्यक काम गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

मनोज साह
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०८/१७ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुली गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सापटार, सिन्धुली बागमती प्रदेश, नेपाल

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा वडाको सडक सरसफाइ तथा मर्मत गर्ने कार्यमा नपुग हुन गएको रकम प्राप्त प्राविधिक इष्टिमेट बमोजिम गाउँपालिकाको आकस्मिक कोषबाट खर्च गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ११ र ४ जोड्ने हाँडीखोलामा रहेको लच्का र वडा नं. ११ र ९ जोड्ने कम्मरखोलामा रहेको लच्का मर्मत गर्नुपर्ने भएकोले प्राविधिक इष्टिमेट बमोजिम विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने निर्णय सर्वसहमतिबाट गरियो।

निर्णय नं. ११

प्रस्ताव नं. ११ विविध माथि छलफल गर्दा वडा नं. ४ निवासी प्रेम वहादुर भुजेलको छोरो वर्ष ३० को नेत्र वहादुर भुजेलको मिति २०८२/०६/१२ गते चँदाहा खोलामा आएको बाढीले बगाएर मृत्यु भएकोले निजलाई काजक्रिया खर्च बापत रु.२५,०००/- (पच्चीस हजार) भुक्तानी दिने निर्णय सर्वसहमतिबाट गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

मनोज साह

प्रमुख प्रशासकीय अधिकृत